# बार्षिक प्रगति समिक्षा प्रतिवेदन

## आ ब २०८०।०८१

**जैमिनी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कुश्मीसेरा बागलुङ**

## जैमिनी नगरपालिकाको संक्षिप्त परिचय

जैमिनी नगरपालिका गण्डकी प्रदेश अन्तरगत वागलुङ जिल्लाको दक्षिण भेकमा अवस्थित छ । यो नगरपालिका नेपाल सरकारले मिति २०७३।११।२७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरे अनुसार स्थापना भएको हो । वेदव्यास पुत्र जैमिनी ऋषिले योगसाधना र तपस्या गरेको मानिने पुण्यभूमि जैमिनीक्षेत्रको नामबाट नामाकरण गरिएको यस नगरपालिकाको मध्ये भागमा शास्त्रीय मान्यता प्राप्त जैमिनीधाम रहेको छ । जैमिनी ऋषिको तपस्याका बलले अझै पवित्र वनेको तीर्थस्थल क्षेत्र भएकोले पनि जैमिनी ऋषिकै नाम समेत जोडेर यस नगरपालिकाको नाम जैमिनी रहन गएको छ । यस नगरपालिकाको केन्द्र कुस्मीसेरा बजारमा रहेको छ । पवित्र कालिगण्डकीको मध्यभागमा पर्ने यो नगरपालिका कालिगण्डकी कोरिडोर सडकबाट भारत र चीनसँग समेत जोडिएको छ । जैमिनी नगरपालिका साविक कुश्मीसेरा, दमेक, सर्कुवा विनामारे, अर्जेवा, जैदी, छिस्ती, पैञ्युथन्थाप र राङखानी गाविस मिलेर बनेको हो । यस नगरपालिका १० वडामा विभाजित छ भने जनसंख्या २४,६२८ ९ ज.ग.२०७८ रहेको छ । यसको क्षेत्रफल ११८.७१ वर्ग कि।मी रहेको छ । यस नगरपालिकाको सिमाना पूर्वमा पर्वत जिल्ला, पश्चिममा गल्कोट नगरपालिका र बरेङ गाउँपालिका, उत्तरमा काँठेखोला गाउँपालिका र वाग्लुङ नगरपालिका तथा दक्षिणमा गुल्मी र पर्वत जिल्लासँग जोडिएको छ । जातजाती नगरपालिकामा बाह्मण, क्षेत्री, सार्की, दमाई, कामी, नेवार, मगर, ठकुरी, मुसलमान, गुरुङ ,बोटे, चेपाङ आदि जनजाती यस क्षेत्रमा बसोवास गर्दछन । विशेषगरि बाह्मण, क्षेत्री, मगर जातिको वाहुल्यता रहेको छ । भाषा वोलीचालीको भाषा नेपाली भाषा र आ आफ्नो जात अनुसार विभिन्न जातजातीहरुले मातृभाषा प्रयोग गर्दछन ।

**जल सम्पादा :** कालिगण्डकी, ठेउले खोला, टिमुर खोला, काभ्रे खोला, जुम्लीखोला, चौरीखोला, कालुङ्ग खोला, पालुङ खोला आदी जल सम्पदाहरु यस नगरपालिका भित्र पर्दछन ।

**महत्वपुर्ण उत्पादन :** अन्नवालीसः धान, मकै, गहु, कोदो, जौ आदी फलफुल तथा तरकारीस् सुन्तला केरा कागती नास्पती पलम अम्वा आरु लप्सी निवुवा काउली बन्दा सिमि आलु प्याज मुला साग घिरौला लौका फर्सी आदी ।

**तेलहन दलहन:** तोरी, मास, भटमास

**औद्योगिक :** हस्तकलाका सामान, दुध, दहि, पाउरोट उद्योग, ढुङ्गाखानी आदी ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

सातौं तह)

**धार्मिक तथा पर्यटकीय स्थल एवँ सम्पदाहरु:** गाजाको दह, माइस्थान, जैमिनी घाट, भैरवस्थान, जैमिनी ऋषि शिव मन्दिर, कमल जैसी मन्दिर, राधाकृष्ण मन्दिर, हाडिकोट धार्मिक तथा पर्यटकीय स्थल रहेका छन। मूख्य शहरी एरिया कुश्मीसेरा, वलेवा, रुम्टा, गाइथुने घाट, ठेउले, जाडी, व्याडथला, नेपाने, चिलाउने खर्क, सतिदुङ्गा नाम्दुक, डाँडाखानी, देउराली, पुरानो देविस्थान गाँउ आदि पर्यटकीय स्थल रहेको छ। यहाँको खोलानाला वनजंगल जडीवुटी खनिज मठमन्दिर तथा ऐंतिहासिक पुरातात्विक स्थलले यहाँको पहिचान दिएको छ।

**होम स्टे:** जैमिनी नगरपालिकाका विभिन्न वडाहरु ६ वटा होमस्टे संचालनमा रहेंका छन।

**सडक यातायात :** जैमिनी नगर क्षेत्र भित्र हालसम्म करिव ४४७ कि.मी. सडक रहेको छ। जस मध्य करिव ९ कि. मि. सडक मात्र कालोपत्रे तथा ढलान गरिएको छ। नगरका सवै वडाहरुमा कच्ची सडक संजालले जोडीसकेको छ।

**स्वास्थ्य संस्था:** प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ८, सहरी स्वास्थ्य केन्द्र ४ आयुर्वेद औषधालय२ वटा

**शिक्षण संस्था:** आधारभूत तह ९१(८० ६३ वटा , मावि तह ९९(१२० १८ वटा र क्याम्पस १ वटा

**सुरक्षा निकाय:** कुश्मीसेरा प्रहरी चौकी र बेलबगर प्रहरी चौकी

अधिकृत स्तर (सातौं तह)

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

## गत आ.व. २०८०।८१ को यथार्थ आय व्यय विवरण

| क्र.सं. | शिर्षक | ०८०।८१ को प्रस्तावित आय | ०८०।८१ को यथार्थ आय | ०८०।८१ को यथार्थ खर्च | खर्च प्रतिशत | ०८१/०८२ को अनुमानित |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार वित्तिय समानीकरण अनुदान | ११,२०,००,०००।- | १०,४१,६०,०००।- | ९,४५,२३,५८६।- | ८४.३९ | १०८९०००००।- |
| २ | प्रदेश सरकार वित्तिय समानीकरण अनुदान | १,४७,५६,०००।- | १,१०,६७,०००।- | ७९,८२,६४१।- | ५४.०९ | १४५४६०००।- |
| ३ | संघीय सरकार सशर्त अनुदान चालु | ३९,०६,६१,०००।- | ३९०५७४८४० /- | ३५७६९७४५८।- | ९१.५६ | ३९०१६५०००।- |
| ४ | संघीय सरकार सशर्त अनुदान पुँजीगत | ८१०००००- | ८०२१००० | ६९५९७५६।- | ८५.९२ | १९८०००००।- |
| ५ | संघीय सरकार विशेष अनुदान | १,३०,००,०००।- | १,०२,०५,२१८।- | १,०१,६६,४०६।०० | ७८.२० | ० |

## गत आ.व. २०८०।८१ को यथार्थ आय व्यय विवरण

| क्र.सं. | विवरण | ०८०/०८१ को प्रस्तावित आय | ०८०/०८१ को यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | ०८१/०८२ को अनुमानित |
|---|---|---|---|---|---|---|
| ६ | संघीय सरकार सम्पुरक अनुदान | ५०,००,०००।- | ४८३१५६५।- | ४८३१५६४।- | ९६.६३ | १००००००।- |
| ७ | संघीय सरकार राजस्व बांडफाँड | ९,९५,६४,७००।- | ८,५५,२१,२००।५५ | ७,८७,३८,६९३।६३ | ७९.०८ | १०५७०००००।- |
| ८ | प्रदेश सरकार राजस्व बाँडफाँड | ८९,४८,०००।- | ८८,७६,३५५।- | ५१,५५,१८४।१४ | ५७.६१ | ८२११००० |
| ९ | प्रदेश सरकार सम्पुरक अनुदान | ५०,००,०००।- | ४२,१०,०००।- | ४२,१०,०००।- | ८४.२० | १००००००।- |

...स्तर (सातौं तह)

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## गत आ.व. २०८०।८१ को यथार्थ आय व्यय विवरण

| क.सं. | विवरण | ०८०/८१ को प्रस्तावित आय | ०८०/८१ को यथार्थ आय | यथार्थ खर्च | खर्च प्रतिशत | ०८१/८२ को अनुमानित |
|---|---|---|---|---|---|---|
| १० | प्रदेश सरकार विशेष अनुदान | - | - | - | - | - |
| ११ | गण्डकी प्रदेश सरकार शशर्त | ६०,००,०००।- | ६०,००,०००।- | ६०,००,०००।- | १०० | ० |
| १२ | सडक बोर्ड नेपाल | ७४,१६,००६।- | ३४,३७,२५४।- | ३४,३७,२५४।- | ४६.३४ | ५००००००।- |
| १३ | गत आ.व.को मौज्दात | ६५८५१५०८।५८।- | ६,४९,७४,७०८।८५ | ४८९७२९३.५८ | ६३.३१ | ३५१३८८३० |
| १४ | आन्तरिक आय | १,१५,००,०००।- | १,२३,०७,४९३।- | | | १२६००००० |
| १५ | जम्मा कुल बजेट | ७४७७९७२१४।५८ | ७१३२२०२८७ | ६३१६१४२५६।०३ | ८४.४६ | ७२००६०८३० |
| १६ | चालु बजेट रु. | ५१,९३,६१,००० | - | ४६००६०९४६।४५ | ८८.५८ | - |
| १७ | पुजींगत बजेट रु. | २२८४३६२१४।५८ | - | १७१७७९६३१।०९ | ७५.०९ | - |

# क्षेत्रगत विनियोजित बजेट खर्च प्रगति

| सि नं | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४,७२,६७,०००।- | ३,४८,२५,४४५।११ | ७३।६८ |
| सामाजिक विकास | ४२,५५,४८,५००।- | ३८,८८,७२,३९३।६८ | ९१।३८ |
| पूर्वाधार विकास | १२,७४,४८,०७२।५८ | ९,५४,९२,४५५।४७ | ७४।९३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,३३,७१,०००।- | १,२०,२०,७३१।६७ | ५१।४३ |
| कार्यालाय संचालन तथा प्रशासनिक खर्च | १२,४१,६२,६४२।- | १०,०४,०३,२३०।१७ | ८०।८६ |

स्तर (सातौं तह)

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## आर्थिक बर्ष ०८०/८१ को बार्षिक प्रगति सारांश

आर्थिक बर्ष ०८०/८१ धधको बार्षिक अवधिमा जैमिनी नगरपालिका नगरसभा तथा कार्यपालिकाको वैठकबाट निर्णय भई छनौट भएका निशर्त तथा सशर्त अनुदान तर्फ स्वीकृत जम्मा योजना तथा कार्यक्रमको संख्या ५८६ मध्ये पूर्वाधार विकास तर्फ २४४, आर्थिक विकास तर्फ ७०, सामाजिक विकास तर्फ २२६, सुशासन तथा संस्थागत विकास तर्फ १९ र वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ २७ वटा रहेका छन । उल्लेखित ५८६ योजना कार्यक्रम मध्ये २८५ योजना/कार्यक्रमको भौतिक प्रगति १०० प्रतिशत, २०२ वटा योजना/कार्यक्रमको औषत भौतिक प्रगति ७९.५ प्रतिशत र ६२ वटा योजना/कार्यक्रम कार्यान्वयन हुन नसकि शून्य प्रतिशत प्रगति देखिएको छ । जम्मा योजना/कार्यक्रमको संख्या ७०७ मध्ये निशर्त तर्फका ५७६ वटा योजना/कार्यक्रमहरुको तुलना गर्दा पूर्वाधार विकास तर्फ २५७ वटा योजनाको भौतिक प्रगति ९१ प्रतिशत र वित्तिय ९१ प्रतिशत, सामाजिक विकास तर्फका २३६ योजना/कार्यक्रमको भौतिक प्रगति ८३ प्रतिशत र वित्तिय प्रगति ८२ प्रतिशत, आर्थिक विकास तर्फका ५० वटा योजना/कार्यक्रमको भौतिक प्रगति ५९प्रतिशत र वित्तिय प्रगति ५५ प्रतिशत, सुशासन तथा संस्थागत विकास तर्फका १७ वटा कार्यक्रम को भौतिक प्रगति ३६ प्रतिशत र वित्तिय प्रगति ३६ प्रतिशत र वन, वातावरण र विपद व्यवस्थापन तर्फका १६ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ७७ प्रतिशत र वित्तिय प्रगति ७६ प्रतिशत रहेको छ । उपरोक्त ५ वटा विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ८३ र वित्तिय प्रगति ८३ प्रतिशत रहेको छ ।

## आर्थिक बर्ष ०७९/८०को बार्षिक प्रगति सारांश

यसै गरी सशर्त अनुदानतर्फ सञ्चालित १३१ वटा योजना/कार्यक्रमहरु मध्ये पूर्वाधार विकास तर्फ ३१ वटा योजनाको भौतिक प्रगति ८५ प्रतिशत र वित्तिय ८२ प्रतिशत, सामाजिक विकास तर्फका ७५ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ७९ प्रतिशत र वित्तिय प्रगति ७९ प्रतिशत, आर्थिक विकास तर्फका २३ वटा योजना/कार्यक्रमको भौतिक प्रगति ६६ प्रतिशत र वित्तिय प्रगति ५९ प्रतिशत, र वन, वातावरण र विपद व्यवस्थापन तर्फका २ वटा योजना/कार्यक्रमको भौतिक प्रगति १०० प्रतिशत र वित्तिय प्रगति १०० प्रतिशत रहेको छ । उपरोक्त ४ वटा विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ८१ र वित्तिय प्रगति ८० प्रतिशत रहेको छ ।

निशर्त र सशर्त अनुदान दुवै तर्फ संचालित आयोजना तथा कार्यक्रमको कुल भौतिक प्रगति ८२ प्रतिशत र वित्तिय प्रगति ८१.५ प्रतिशत रहेको छ ।

चालु तथा पुँजिगत दुवै तर्फको जम्मा कुल भौतिक प्रगति ८२प्रतिशत र वित्तिय प्रगति ८२.११ प्रतिशत रहेको छ ।

(सातौं तह)

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु (आर्थिक विकास)

| क्र सं | शिर्षक | इकाइ | परिमाण | लागत रु. विनियोजित रु. | अनुदान रु. | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु सेवा | संख्या | ४८ | १७८८८०००\|- | | • मौसमी वेमौसमी तरकारी खेती प्रवर्द्धन<br>• उत्पादनमा वृद्धि लागतमा कमी<br>• खेती प्रणालीमा समयको वचत<br>• बाख्रापालनमा बृद्धि<br>• रोग नियन्त्रणमा सहयोग<br>• मकै उत्पादन क्षेत्र विस्तार<br>• मसलावाली उत्पादन क्षेत्र विस्तार<br>• बाँझो जग्गा उपयोगमा सहयोग<br>• दुध उत्पादनमा वृद्धि<br>• पशु आहारको सहज उपलब्धता<br>• विपिन्न कृषकलाई आय आर्जनमा सहयोग | ९,००० |
| २ | गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम | संख्या | ५ | २५००००० | | • १२० जनालाई सिप विकासमा अभिवृद्धि<br>• ५० जना लघु उधमीवाट संयुक्त रुपमा सिस्नो र आलु चिप्सको उत्पादन गरि व्यवसाय सुरु | २५० |

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
## (सामाजिक विकास)

| क्र सं | शिर्षक | इकाइ | परिमाण | लागत रु. /विनियोजित रु. | अनुदान रु. | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा | वटा | ४२ | ३११८००००० | | • सिकाइ उपलब्धीमा बृद्धि<br>• शिक्षक दरवन्दी मिलान<br>• विद्यार्थी नियमितता, कक्षा, शैक्षिक सामाग्री, वालविकास केन्द्र व्यवस्थापन, पूर्वाधार निर्माण, संचारको प्रयोग<br>• मूल्याङ्कन प्रणालिमा सुधार | ६००० |
| २ | स्वास्थ्य | वटा | ३४ | ६३,१५४,००० | ५,६६,१८,१०९ | • प्रवर्द्धनात्मक, प्रतिकारात्मक उपचारात्मक, सरुवा रोग नियन्त्रण सम्बन्धी सेवा<br>• किशोरी मैत्री स्वास्थ्य सेवा परिवार नियोजन सेवाको पहुँच र विस्तार सुरक्षित मातृत्व सेवा आदी | १२००० |

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ

(सातौं तह)

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
### (सामाजिक विकास)

| क्र सं. | शिर्षक | इकाइ | परिमाण | लागत रु. /विनियोजित रु. | अनुदान रु. | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| ३ | खेलकुद विकास | संख्या | ५ | ८,८५,००० | ८,८५,००० | • खेलकुदको विकास<br>• खेलप्रति खेलाडीको उत्प्रेरणा<br>• स्थानीय खेलहरुको संरक्षण | २००० |
| ४ | आयुर्वेद | संख्या | ११ | २२,३०,००० | २२०२,९३१ | • योग शिविर<br>• पन्चकर्म सेवा<br>• वडा स्तरमा आयुर्वेद प्रतिको जनचेतना, आयुर्वेद औषधि उपलब्ध<br>• स्तनपायी आमा र जेष्ठ नागरीकको स्वास्थ्य प्रवर्द्धन | ६२८९ |
| ५ | स्थानीय कला, संस्कृति संरक्षण र सम्वर्द्धन | गोटा | १ | ९,६०,००० | ९,६०,००० | • कला संस्कृतिको संरक्षण<br>• स्थानीय व्यापार प्रवर्द्धन<br>• स्थानीय कला संस्कृतिको सम्वर्द्धन | ६००० |

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
### (सामाजिक विकास)

| क्र. सं. | शिर्षक | इकाइ | परिमाण | लागत रु. विनियोजित रु. | अनुदान रु. | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| ७ | लक्षित वर्ग आयमुलक सिपमुलक कार्यक्रम | संख्या | १० | ७,६३,८०० | ७,४६,८०० | • आम्दानीमा बृद्धि,<br>• समयको सदुपयोग<br>• सीपको विकास<br>• रोजगारीको सृजना | ६२०० |
| ८ | अन्य कार्यक्रम /तालिम, सहयोग, सम्मान | गोटा | ८ | ६,९९,३०० | ६,९७,००० | • प्रोत्साहन, आत्मसम्मान,<br>• सहयोग | ५०० |
| ९ | खरका छाना विस्थापन/सुरक्षित नागरिक आवास कार्यक्रम/ घरवार विहिनका लागि आवास निर्माण कार्यक्रम | कार्यक्रम | ३ | १,१५,००,००० | १४,०९,५२१ | • ३ वटा घर निर्माण<br>• २८ वटा खरका छाना विस्थापन | ११३ |

(सातौं तह)

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
(सामाजिक विकास)

| क्र. सं. | शिर्षक | इकाइ | परिमाण | लागत रु. विनियोजित रु. | अनुदान रु. | प्रमुख उपलब्धीहरु | अनुमानित लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १० | सुरक्षित आप्रवासन कार्यक्रम | गोटा | १ | २५,००,००० | २१,६७,००० | • व्यवस्थित वैदेशिक रोजगारमा सहयोग,<br>• वैदेशिक रोजगार समस्या न्यूनिकरणमा सहयोग,<br>• वैदेशिक रोजगारबाट सृजित समस्या समाधानमासहयोग,<br>• विप्रेषणको उचितव्यवस्थापन<br>• वैदेशिक रोजगारी सम्बन्धी चेतनाको बृद्धि | ७७३ |
| ११ | वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिका लागि पुन एकिकरंण कार्यक्रम | गोटा | १ | १७,२०,००० | १०,१५,००० | उद्यमशीलता विकास, बाखापालन आधारभुत मोटरसाइकल मर्मत र आधारभुत वेल्डिङ | २४ |

## गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
(पूर्वाधार विकास)

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| सडक | नयाँ सडक | कि मि | ११ | ९०४७८७० | १०१०२७६५ |
| | सडक मर्मत | कि मि | ११३ | ८२७०३५१ | ९१५९१२४ |
| | ग्याविन जाली | घ मि | १३६२ | ५८४६५९० | ६३६५९२३ |
| | पक्कि नाली | मि | १४५६ | ६०६९०२८ | ६३९३०९६ |
| | कच्चि नाली | मि | ७४६६ | ३४०४२२ | ३७४५६९ |
| | ढलान कार्य | मि | ४४३ | ९६४७५६१ | १०२७११५६ |
| | कालोपत्रे सडक | मि | ३२५ | ४१२१७८५ | ४१२१७८५ |
| | ग्रावेल सडक | मि | ७७५ | २२३४४७६ | २२३४४७६ |
| | सोलिङ | घ मि | ११२२ | १९२७०२८ | २१५००६० |
| | मेसिनरी वाल/पलम्व वाल | घ मि | ७५१ | ७१९९२६६ | ७५२१८८१ |
| | विविध | | १०७ | ११२८२२३ | १२०७५४५ |

(सातौं तह)

गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
(पूर्वाधार विकास)

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| सिंचाई | पक्कि कुलो | मि | २३८८ | ५४९५२६७ | ६१६०२९८ |
| | कच्ची कुलो | मि | ६६ | २२६६८ | २५२४५ |
| | सिचाई पाईप | मि | ११०५ | २२९९०० | २७१५५७ |
| | पोखरी निर्माण | वटा | ८ | ७७९६२२ | ८८०७३५ |

गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
(पूर्वाधार विकास)

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| भवन | नयाँ भवन | वटा | १८ | २७६००७६७ | २८१४०११३ |
| | भवन मर्मत | वटा | २५ | ५६४३९१३ | ६०१६८४५ |
| | भवन तारवार | मि | १९९ | ९५१६१४ | ९७१५९१ |

(सातौं तह)

गत आ.व.मा भएका मुख्य उपलब्धीहरु
(पूर्वाधार विकास)

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| खानेपानी | खानेपानी मुहान | वटा | ६ | २९२९७८ | ३३४१५२ |
| | आरभिटि | वटा | ४ | ३६१८८० | ३९४२५२ |
| | पाईप लाईन विस्तार | मि | १२४० | ८८०७९ | ९९५६९ |
| | धारा | वटा | १ | ८००० | ८९६५ |
| | खानेपानी योजना मर्मत | वटा | २ | २५६७७४ | २९०७५६ |
| | | वटा | २ | ६३४८९ | ७०११८ |

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| शौचालय | नयाँ | वटा | ५ | १०४४२९३ | ११११९१३३ |
| | मर्मत | वटा | १ | ८४८४२ | ९४३१३ |
| मन्दिर | नयाँ | वटा | 0 | 0 | 0 |
| | मर्मत | वटा | १ | १४८५२६ | १६१६८० |

(सातौं तह)

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| पैदल मार्ग | पि सि सि ढलान | मि | ६१ | १४४००० | १६१९७९ |
| | नयाँ | मि | ६७९५ | १००५८७६८ | १०३१०८६४ |
| | मर्मत | मि | २३१२ | १३०३९६२ | १४४२५१९ |
| खेलमैदान | नयाँ | वटा | ३ | ३१२००० | ३५७१९४ |
| | मर्मत | वटा | १० | १३०८६४० | १४४२८२९ |
| खरिद | तारजाली | वटा | १४६ | ४७६५७४ | ४७६५७४ |
| | सोलार ब्याकअप | सेट | ३ | ७७७८३६ | ७७७८३६ |
| | प्राविधिक ल्याब | सेट | १ | ९९१२२१ | ९९१२२१ |

| विवरण | योजना प्रकृति | इकाइ | परिमाण | अनुदान | जम्मा भएको कार्य मुल्याङ्कन |
|---|---|---|---|---|---|
| झोलुङ्गे पुल | नयाँ | वटा | १ | ११०३२०६ | ११०३२०६ |
| विविध | अन्य पुर्वाधार सङ्ग सम्बन्धित बिषयहरु | | ७८ | ८९८९३९६ | ९५३५१६६ |
| जम्मा | | | | १२४३७०८१६ | १३१५४१०९२ |

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(सातौं तह)

# वार्षिक लक्ष्य र प्रगती

| सि नं | बिषय क्षेत्र | स्वीकृत कार्यक्रम तथा योजनाको संख्या | वार्षिक लक्ष्य | | | | वार्षिक प्रगति | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लगत अनुमान | विनयोजित बजेट | जन सहभागिता रु | प्रगति प्रतिशत | कार्यको मूल्याङ्कन अंक | खर्च भएको अनुदान रु | जन सहभागिता रु | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत |
| १ | सामाजिक बिकास | २२६ | ११९१६३८९४ | ११५७९७८६२ | ३३६६०३२ | १०० | ९६३७१२३४ | ९२७२०७६५ | २६८४७६९ | ८१ | ८० |
| २ | पूर्वाधार बिकास | २४४ | १३२६१६२१४ | १२४६८९७५६ | ७९२६४५८ | १०० | १२२२७२२१२ | १०८१५३५९९ | १४२०२४१३ | ९२ | ८७ |
| ३ | वन तथा वातावरण | २७ | ६३९७५७८ | ६२४९००० | १४८५७८ | १०० | ५२५४१९८ | ५१०३०४१ | १५११५७ | ८२ | ८२ |
| ४ | आर्थिक बिकास | ७० | २७७०१९१८ | २२८३९००० | ४८६२९१८ | १०० | १८१४१५४२ | १३३६१०३७ | ४७८०५०५ | ६५ | ५९ |
| ५ | सुशासन तथा संस्थागत बिकास | १९ | ७४९०००० | ७४९०००० | ० | १०० | ५३५४२९६ | ५३५४२९६ | ० | ७१ | ७१ |
| जम्मा | | ५८६ | २९३३६९६०४ | २७७०६५६१८ | १६३०३९८६ | १०० | २४७३९३४८२ | २२४६९२७३८ | २१८१८८४४ | ८४ | ८१ |

## आन्तरिक आय प्रवर्द्धनका लागि गरिएका प्रयासहरु :

- ❖ राजस्व संकलनलाई अनलाईन मार्फत सुचारु गरिएको ।
- ❖ राजस्व परामर्श समितिको बैठकबाट सुझाव लिई करका दायराहरुलाई व्यवस्थित गर्ने गरिएको ।
- ❖ आन्तरिक आय लाई वृद्वि तथा व्यवस्थित गर्न राजश्व सुधार रणनीति तयार गरिएको।
- ❖ कर प्रशासनलाइ सक्षम वनाउन कर्मचारी पदाधिकारीहरुको क्षमता विकासका तालिमहरु संचालन गरीएको ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन प्रवर्द्धनका लागि गरिएका प्रयासहरु :

- ❖ सामाजिक सुरक्षा भत्ता बैंक संग समन्वय गरी वडास्तरमै पुगि वितरण गरिएको ।
- ❖ सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र अनुगमन प्रणालीबाट सुशासनलाई बलियो बनाउन जोड दिईएको ।
- ❖ उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना/कार्यक्रम सम्झौता, संचालन र फरफारक सम्वन्धि अनुशिक्षण दिई वडास्तरमै आयोजना सम्झौता गरिएको ।
- ❖ वडागत मर्मत संभार कोष, विपद् व्यवस्थापन कोष स्थापना गरि प्रयोगमा ल्याईएको ।
- ❖ लैङ्गिक हिंसा निवारण जोड कोष र विपन्न स्वास्थ्य राहत कोष स्थापनाको शुरुवात गरिएको ।
- ❖ स्वीकृत आयोजना तथा कार्यक्रमहरुको कार्यतालिका तयार गरी सोहि बमोजिम कार्य सम्पन्न भएको ।
- ❖ वित्तिय सुशासन जोखिम मुल्याङ्कन ढाच्चा तर्फ बागलुङ जिल्लाका १० पालिका मध्ये प्रथम र स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन (LISA) तर्फ उत्कृष्ट नतिजा देखिएको।
- ❖ पालिकाबाट हुने सवै प्रकारका भुक्तानीहरु विद्युतीय प्रणालीबाट गरिएको ।
- ❖ आ व ०७९।८० आर्थिक वर्षको यस अवधि सम्म १३ वटा ऐन, कार्यविधि, निर्देशिका र मापदण्ड तयार गरी लागु गरिएको ।
- ❖ वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित र भरपर्दो बनाउन सुरक्षित आप्रवासन कार्यक्रमलाई वडा स्तरमा पुर्याइएको र श्रम स्वीकृति लिन चाहने व्यक्तिहरुको अनलाइन फारम नगरपालिकाबाटै भर्ने व्यवस्था सुरु गरिएको ।
- ❖ जैमिनी नगरपालीकामा भएका असल अभ्यास तथा सूचनालाई नियमित र व्यवस्थित तवरले प्रकाशीत गर्नका लागि डिजिटल नागरिक वडापत्र जडान गरिएको।
- ❖ विद्युतिय हाँजिरी प्रणालिले समयको पालना र नियमिततामा सहयोग, साथै हाँजिरि रेकर्ड व्यवस्थापनमा सहयोग ।
- ❖ जैमिनी नगरपांलीका तथ्याङक अध्यावधिकले परिस्कृत सूचना प्रासिमा सहयोग ।

## पालिकाबाट गरिएका असल अभ्यास तथा उदाहरणीय कार्यहरु :

- ➢ जैमिनी नगरपालिका वडा नं ३ दमेक, नेपानेमा स्थानीय कच्चा पदार्थको प्रयोगबाट सिस्नो पाउडर, आलु चिप्सहरुको उत्पादन गरी उद्यमशिलता विकासमा जोड दिइएको ।
- ➢ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरुलाई एकिकृत गरी शैक्षिक हव निर्माणका लागि लिड स्कुल छनौट र कार्य प्रारम्भ गरिएको ।
- ➢ घुम्ति सेवा मार्फत सवै स्वास्थ्य संस्थाबाट गर्भावस्थाको जटिलता पहिचान गर्न ग्रामिण भिडियो एक्सरे सेवा प्रदान गरिएको ।


## समस्याहरु :


- ❖ कच्ची सडकहरुको मर्मत सुधार गर्न वढी लागत लाग्ने गरेको एवं वर्षातको वाढी र भलवाट अपेक्षाकृत रुपमा संरचनाहरु जोगाउन चुनौतिपूर्ण रहेको ।
- ❖ लागत सहभागिताको अंश प्रभावकारी रुपमा परिचालन हुन नसकेको ।
- ❖ लागत वढी र न्यून बजेट विनियोजन हुने कारणले अधिकाशं योजनाहरु अधुरो रहने गरेको ।
- ❖ ग्रामीण वस्तीहरुलाई जोडेर वनाएको नगरपालिका हुंदा विकास निर्माणको प्राथमिकता सडक निर्माण/मर्मतमा नै दिनुपर्ने देखिएको ।
- ❖ सार्वजनिक यातायातको भाडादरमा एकरुपता कायम हुन नसक्दा नागरिकहरुमा असन्तुष्टी वढेको । कायम भएको भाडादर कार्यान्वयन हुन नसकेको ।
- ❖ बाँदरको आतङ्क लगायतको कारण बसाई सराईको दर वृद्धि भएको ।
- ❖ दक्ष, उत्पादनशील र सीपयुक्त जनशक्तिको अभावले विकास निर्माण र उत्पादन क्षमतामा ह्रास आएको ।
- ❖ संघ तथा प्रदेशवाट कार्यान्वयन गरिने तथा निर्माणका सडकहरु समयमै सम्पन्न हुन नसक्दा नगर स्तरवाट संचालित आयोजनाहरु प्रभावित भएको ।
- ❖ संघ तथा प्रदेशवाट कार्यान्वयन भएका कार्यहरु विग्रिएको अवस्थामा त्रुटि सच्च्याउने अवधि -DLP) भित्र समयमै समाधान नहुँदा निर्मित संरचनाको निरन्तर संचालनमा समस्या आएको ।
- ❖ कृषि तथा पशु तर्फ स्वीकृत भएका कार्यक्रमहरुको कार्यविधी समयमै प्राप्त नहुँदा कार्यक्रम कार्यान्वयनमा वाधा परेको ।
- ❖ महालेखा परिक्षकको डोर मुकामबाट स्थानिय स्तरमा नै वेरुजुको संपरीक्षण नगरिदा वेरुजु अंक वढिरहेको ।
- ❖ संघ तथा प्रदेश स्तरवाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान र राजश्व बाँडफाँड शिर्षकवाट प्राप्त हुने रकम सिलिङ अनुसार प्राप्त नहुँदा भुक्तानीमा समस्या रहेको ।


## सुझावहरु :


- ❑ कालिगण्डकी नदीको ढुङ्गा, गिटी, बालुवा विक्रीको ठेक्का बन्दोवस्त गर्न नसकी आन्तरिक आयमा गम्भिर असर परेको हुँदा, सो को लागि सरोकारवाला निकायको ध्यान जानुपर्ने ।
- ❑ संभावित क्षेत्रमा अन्तर पालिका समन्वय तथा साझेदारी कार्यक्रम संचालनका लागि जिल्ला समन्वय समितिबाटै नेतृत्वदायी भूमिका लिइनुपर्ने ।
- ❑ FRA & LISA मा सूचकहरुमा दोहोरोपना रहेको कारण समसामयिक र सान्दर्भिक बनाउन सरोकारवाला निकायको ध्यान जानुपर्ने ।
- ❑ निर्धारित सिलिङ्ग अनुसार वजेट प्राप्त नहुँदा पालिकाहरुमा दायित्व भुक्तानीको दर बढ्दै जाने भएकोले, सो अनुरुप वजेट व्यवस्था हुन प्रदेश र संघिय सरकारको ध्यान जानुपर्ने ।
- ❑ संघिय, प्रदेश र पालिका स्तरमा योजना कार्यक्रममा दोहोरोपना हटाउन सघन अनुगमन प्रणालीको विकास गर्नुपर्ने ।

## केही तस्बिरहरु :









जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३






जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३






जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ








जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ






जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२







सम्पन्न कार्यक्रमका केही तस्वीरहरु


जातीय भेदभाव तथा छुवाछूत उन्मुलन राष्ट्रिय दिवश








लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान










जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ




अपाङ्गता सहायता सामाग्री वितरण







दलितहरुका लागि लोकसेवा तयारी कक्षा संचालन









लैससास बजेट परीक्षण कार्यक्रम










ज्येष्ठ नागरिक मिलन केन्द्रलाई मनोरञ्जन सामाग्री वितरण









माझीलाई जाल वितरण

## तस्विरहरुः रोजगार सेवा केन्द्र शाखाबाट



## तस्विरहरुः



जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

आज मिति २०८१ साल फागुन महिना २८ गतेका दिन जैमिनी नगरपालिका बागलुङका नगर प्रमुख श्री नरबहादुर पुन ज्यूको अध्यक्षतामा जैमिनी नगरपालिका बागलुङ बाट आ.व. २०८०/८१ मा संचालित सबै योजना कार्यक्रमहरुको समिक्षा गर्न बसेको बैठकको उपस्थिति देहाय बमोजिम रहेको छ।

**उपस्थिति**

१. श्री नरबहादुर पुन - अध्यक्षता एवं नगर प्रमुख जैनपा
२. श्री हरिहर शर्मा - नगर उपप्रमुख
३. श्री हरिबहादुर भुजेल - प्रमुख प्रशासकिय अधिकृत
४. श्री खेमप्रसाद आचार्य - उपसचिव जैमिनी न.पा. कार्यालय
५. श्री विष्णुप्रसाद आचार्य - वडाध्यक्ष १ नं. वडा
६. श्री प्रेम सापकोटा - " २ "
७. श्री कृष्ण बहादुर भुजेल - " ३ "
८. श्री चन्द्र बहादुर थापा - " ४ "
९. श्री ठग बहादुर क्षेत्री थापा - " ५ "
१०. श्री कृष्ण बहादुर थापा - " ६ "
११. श्री केन्द्रबहादुर सुनार - " ७ "
१२. श्री विमल श्रीष राना - " ८ "
१३. श्री खड्दिप थापा - " ९ "
१४. श्री श्रीप्रसाद थापा - " १० "
१५. श्री लाल बहादुर परियार - कार्यपालिका सदस्य
१६. श्री भगवती सापकोटा - " "
१७. श्री शान्तकला शर्मा - " "
१८. श्री चिन्तामणि दर्जि - " "
१९. श्री दुर्गादेवी पाध्या - " "
२०. श्री गिता वि.क. - " "
२१. श्री शान्ति सुनार - " "
२२. श्री भरत वि.क. - " "

नगरपालिका कार्यालयको तर्फबाट शाखा प्रमुख एवं कर्मचारी एवं जे.ब.स. पत्रकारहरु

१. श्री सुर्य बहादुर वि.क. - लेखा अधिकृत लेखा शाखा

२.श्री गोविन्द आचार्य - जन स्वा. अधिकृत स्वास्थ्य शाखा
३.श्री प्रेमप्रसाद ढापकोटा - अधिकृत स्तर सातौं योजना शाखा
४.श्री विष्णुप्रसाद शर्मा - ,, ,, वा.वि. शाखा
५.श्री लक्ष्मी प्रसाद शर्मा - वैद्यराज निरीक्षक आयुर्वेद शाखा
६.श्री मिरा देवी शर्मा - अधिकृत स्तर सातौं (छिजा) शाखा
७.श्री डा. अच्युत आचार्य - पशु विकास अधिकृत सातौं पशु ,,
८.श्री विवेक ढापकोटा - इन्जिनियर प्राविधिक शाखा
९.श्री शिवराज वराल - ,, ,, ,,
१०.श्री आम्बिका ढापकोटा - अधिकृत स्तर छैठौं आलेप शाखा
११.श्री विवेक थापा मगर - सूचना प्रविधि अधिकृत सू.प्र. ,,
१२.श्री प्रकृति शर्मा - कृषि स्नातक अधिकृत कृषि शाखा
१३.श्री सुरेश पुन - रोजगार संयोजक रोजगार ,,
१४.श्री ललिता पुन - अधिकृत स्तर छैठौं प्रशासन शाखा
१५.श्री भगवती चपाई - लेखापाल - लेखा+राजस्व शाखा
१६.श्री ताराप्रसाद पौडेल - एम.आई.एस. पंजीकरण शाखा
१७.श्री देवी वि.क. कुनार - म.वि.नि. वा.वि. शाखा
१८.श्री मनोज शर्मा - कम्प्युटर अपरेटर ध.पाँचौं
१९.श्री पृथ्वी वहादुर थापा - सहायक चौथो जिन्सी शाखा
२०.श्री सुरेस परियार - प्रवन्ध निर्देशक स्कुमेटेला F.M.
२१.श्री मन वहादुर राना - उ.वि.द शाखा
२२.श्री सुनिता देवी शर्मा - रानी भास्कर
२३.श्री रेशमलाल चापागाई - सहायक पाँचौं
२४.श्री आस्था शर्मा BYC | Baglung.
२५ श्री मान ब. क्षेत्री इलेक्ट्रिसियन
२६ ज्ञिनेश वि.क. DIRDC
२७. अञ्जान बोसिल DIRDC Baglung
२८. लेखनाथ आचार्य - कार्यालय सहयोगी
२९. कमल आचार्य - ,, ,,
३० यदुनाथ शर्मा - ,, ,,
३१. ठाकुरप्रसाद शर्मा - नगरप्रमुख स्वकिय सचिव

प्रस्तावहरु

१. आ.व. २०८०/८१ को प्रगति समिक्षा सम्बन्धमा

२. विविध

निर्णय नं.१. यस जैमिनी नगरपालिकाको आ.व. २०८०/८१ को वार्षिक समिक्षा बैठकमा नगर प्रमुख श्री नरबहादुर पुनको अध्यक्षतामा उपप्रमुख, कार्यपालिका सदस्यहरु नगरपालिका कार्यालयका सबै शाखा प्रमुखहरु लगायत संचार कर्मि र गैर सरकारी संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भयो।

" २. आ.व. २०८०/८१ को समिक्षा कार्यक्रमको संचालन योजना अधिकृत प्रेम प्रसाद खापकोटा र संयोजन सूचना प्रविधि अधिकृत विवेक थापा मगरले गर्नु भएको थियो।

" ३. समिक्षा कार्यक्रममा सबै शाखा हरुबाट आ.व. २०८०/८१ को वार्षिक अवधिको सबै योजना/कार्यक्रमहरुको अवस्था, खर्च उपलब्धि समस्या र समाधान सहितको विवरण प्रस्तुत गरी छलफल भयो।

" ४. समिक्षा कार्यक्रममा उठेका विषयवस्तु सुझाव र भावी कार्य दिशाको सम्बन्धमा टिपोट गरी प्रतिवेदन तयार गर्न एम.आई.एस अपरेटर ताराप्रसाद पौडेललाई जिम्मा लगाउने निर्णय भयो।

" ५. आ.व. २०८०/८१ को वार्षिक समिक्षा प्रतिवेदनलाई नगरपालिकाको वेभसाइडमा राखी सार्वजनिक गर्ने साथै वार्षिक समिक्षा कार्यक्रम सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।